मिति : २०८०/०५/०८ कापा बैठक संख्याः३-०८०/८१

<u>बैठक नं. ६</u>

आज मिति २०८० साल भाद्र ०८ गते शुक्रबार, विहान ७ वजे यस कञ्चन गाउँपालिकाको गाउँकार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष **श्री नवराज ढकालज्यूको** अध्यक्षतामा तपसिलमा उल्लिखित कार्यपालिका सदस्यहरूको उपस्थितिमा बसि निम्न प्रस्तावहरुमाथि छलफल गरी तपसिल बमोजिमको निर्णय गरियो।

<u>उपस्थितिः</u>

| क्र.स. | हस्ताक्षर | नाम, थर | पद |
|---|---|---|---|
| १ | | श्री नवराज ढकाल | अध्यक्ष |
| २ | | श्री मौसमी थापा मगर | उपाध्यक्ष |
| ३ | | श्री हरिनारायण थारु | कार्यपालिका सदस्य |
| ४ | | श्री टेक बहादुर गुरूङ्ग | कार्यपालिका सदस्य |
| ५ | | श्री टिकाराम सापकोटा | कार्यपालिका सदस्य |
| ६ | | श्री केशर बहादुर खत्री | कार्यपालिका सदस्य |
| ७ | | श्री कुल प्रसाद पौडेल | कार्यपालिका सदस्य |
| ८ | | श्री रन्जना थारू | कार्यपालिका सदस्य |
| ९ | | श्री सुकमयाँ दर्जी | कार्यपालिका सदस्य |
| १० | | श्री खगिसरा शर्मा | कार्यपालिका सदस्य |
| ११ | | श्री शुशीला थापा | कार्यपालिका सदस्य |
| १२ | | श्री कुमारी घर्ती मगर | कार्यपालिका सदस्य |
| १३ | | श्री चित्रलाल तुलाचन | कार्यपालिका सदस्य |
| १४ | | श्री सागर गौतम | सचिव |

अन्य सहयोगी कर्मचारीहरू

| | | | |
|---|---|---|---|
| १५ | | श्री सन्तोष गैरे | लेखा अधिकृत |
| १६ | | श्री गिरीराज अर्याल | अधिकृत छैठौं |

मिति : २०८०/०५/०८ बैठक संख्या:३-०८०/८१

<u>प्रस्तावहरु</u>

१. योजना ठेक्का आव्हान सम्बन्धमा,

२. घर नक्सा अभिलेखीकरण सम्वन्धमा,

३. विविध ।

<u>निर्णयहरु</u>

**१. योजनाको ठेक्का आव्हन सम्वन्धमा**

चालु आर्थिक वर्ष २०८०/८१ मा यस गाउँपालिकाबाट बोलपत्रको माध्यमबाट कार्यान्वयन हुने सम्पूर्ण योजनाहरू E-Bidding मार्फत ठेक्का आव्हान गर्ने नीतिगत व्यवस्था भएको हुँदा कुनै योजनाको लागत रकम विनियोजित बजेटभन्दा ४० वढीमा प्रतिशत बढी रकम सम्म कायम भएमा पनि निर्माण व्यवसायीले प्रतिस्पर्धा गर्दा लागत अनुमान रकमभन्दा धेरै नै घटेर कबोल गर्ने सम्भावनालाई मध्यनगर गर्दै उक्त बढी रकमलाई कायम गरी बोलपत्र आव्हान गर्नका लागि स्वीकृति दिने

**२. घर नक्सा अधिलेखीकरण सम्वन्धमा**

मिति २०८०/०४/३० गतेको गाउँ कार्यपालिका बैठकमा गाउँपालिका क्षेत्रभित्र निर्माण भएका भवनहरु वैज्ञानिकिकरणका लागि भवनको संरचनात्मक जोखिम असर स्वयं सम्बन्धित घरधनीमा निहिन रहने गरी अभिलेखीकरण गर्ने निर्णय भएकोमा अभिलेख अद्यावधिक गर्न मिति २०८०/०५/१२ गतेदेखि लागू हुने गरी ६० दिनको समय दिइ सूचना प्रकाशन गर्नका लागि स्वीकृति दिने ।